

# दोर्दी-१ जलविद्युत खबर

पौष २०७८, अंक ५२

लमजुङ्ग जिल्ला दोर्दी गाउँपालिका स्थित रहेको दोर्दी खोलामा, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड द्धारा प्रवर्द्धित दोर्दी–१ जलविद्युत आयोजना (१२ मे.वा.) को निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । यस आयोजनाको सम्पुर्ण प्रगति विवरणको मुल्याङकनको आधारमा ९८ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ ।

दोर्दी खोलाको बाढीले यस आयोजनाको Headworks अर्न्तगत पुऱ्याएको क्षती यकिन गरि Temporary Protection को कार्य सम्पन भईसकेको र यो सँगै Headworks को सम्पूर्ण निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ । हाल Desendar को Permanent Protection को कार्य पनि भईरहेको छ ।

सुरुङ निर्माण कार्य अर्न्तगत हाल अन्तिम finishing अर्न्तगत ShortCrete, Invert Concrete Lining र Rib Crown Concreting को कार्य सम्पन्न भईसकेको छ । त्यसैगरि Surge Tank को Break Through सँगै Concreting लगायत Surge Tank Shade को पनि निर्माण कार्य सम्पन्न भईसकेको छ । सुरुङको Inlet को Plug-In को कार्य सकिसकेको छ भने हाल सुरुङको Outlet को Plug-In को कार्य अन्तिम चरणमा पुगेको छ ।



**Headworks Area**

यस आयोजनाको ७१५ मिटर (पेनस्टक र हेडरेस) पाइप मध्ये सम्पूर्ण जडान कार्य सम्पन्न भईसकेको छ ।



**आयोजनाको सुरुङ निर्माण स्थलमा पाईप Plug-in को कार्य झलक।**



**आयोजनाको Pen stock pipe को जडान गर्ने कार्य गरिँदै ।**

यस आयोजनाको पावर हाउसमा सम्पूर्ण सिभिल कार्य सम्पन्न भइसकेको छ। साथै इलक्ट्रोमेकानिकल कार्य अर्न्तगत क्षतिको पुनः स्थापना गर्ने कार्य सम्पन्न भईसकेको छ। हाल Mechanical Spinning परिक्षण गर्ने हेतुले सम्पूर्ण Equipment हरुको Dry Testing भईरहेको छ। यो सँगै Power House Control room मा Automation को कार्य पनि छिटै सुरु गरिने योजना छ।



**Power House Control Room Panel Testing on Progress**



**Power House Machine Hall**

आयोजनाको पावर हाउस देखि ३.५ किलोमिटरमा रहेको NEA को Kirtipur Substation मा Earthing को कार्य सम्पन्न भै Steel Structure Erection को सम्पन्न भईसकेको र हाल Equipment Erection को कार्य भईरहेको छ। सवस्टेसनमा उत्पदित विद्युत, विद्युत प्रशारण लाईनको मध्यमबाट विद्युत प्रबाह गरिने छ। मिति आषाढ ०१, २०७८ दोर्दी खोलामा आएको बाढीले नेपाल विद्युत प्राधिकरणको प्रशारण लाइनको टावरमा पनि क्षति पुऱ्याएको हो। हाल नेपाल विद्युत प्रधिकरण १३२ KV कोरिडोरले क्षति यकिन गरि पुनः स्थापनाको कार्य अगाडी बढाएको छ।

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रशारण लाइन निर्माणको प्रशारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने १५ वटै टावरहरुको Erection को कार्य पनि सम्पन भई तार Stringing को कार्य भईरहेको छ।



**Conductor Stringing**

सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np